कार्यपालिकाको मिति २०७४/ ०८ २७ को बैठकबाट स्वीकृत

# उपभोक्ता समिति व्यवस्थापन तथा संचालन कार्यविधि,२०७४

**प्रस्तावना** :

यस गाउँपालिका क्षेत्रभित्र गरिने पूर्वाधार विकास निर्माण,सामाजिक विकास लगायतका अन्य कार्यहरु उपभोक्ता समितिद्वारा सबै वर्ग र क्षेत्रमा विशेष गरी गरीब,महिला,बालबालिका,सामाजिक एवं आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको उपयुक्त ढङ्गले परिचालन गर्दै सन्तुलित र समान तवरबाट सहज र सरल रुपमा सेवा सुविधा उपलब्ध गराउन एवं पूर्वाधार विकास निर्माण,सामाजिक विकास लगायतका अन्य कार्यहरुलाई मितव्ययी, सहभागितामुलक, पारदर्शि, उत्तरदायि,समावेशी, न्यायोचित, दिगो र गुणस्तरयुक्त गराउदै गरीबि न्यूनीकरण र दिगो विकासका लागि श्रोत र साधनलाई व्यवस्थित गरि संचालन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफ (२) ले दिएको अधिकार प्रयोग गरी सुकिदह गाउँ कार्यपालिकाले सपभोक्ता समिति व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ जारी गरी लागु गरिएको छ ।

## भाग - १

## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम उपभोक्ता समिति व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस कार्यविधिमा,

(क) गाउँपालिका भन्नाले सुकिदह गाउँपालिका सम्झनु पर्छ ।

(ख) वडा अध्यक्ष भन्नाले वडा अध्यक्ष सम्झनु पर्छ ।

(ग) योजना भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउछ ।

(घ) उपभोक्ता समिति भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नका लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ।

(ङ) सार्वजनिक परीक्षण भन्नाले योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फरफारक गर्नु पूर्व योजना तथा कार्यक्रममा भएको लगानीको सरोकारवालाले गर्ने लेखाजोखा सम्झनुपर्छ ।



Scanned by CamScanner

(च) गैर सरकारी संस्था भन्नाले यस कार्यविधिको प्रयोजनार्थ प्रचलित कानुन बमोजिम स्थापना भएको र गाउँपालिकाको गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य संचालन गर्ने गैर नाफा मूलक संस्था सम्झनुपर्छ ।

(छ) सामुदायिक संस्था भन्नाले जनचेतना सम्बन्धि तालिम अभिमुखिकरण सीप विकास बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(ज) लक्षित समुह भन्नाले आर्थिकरुपमा विपन्न बर्गका महिला,बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछिडिएका बर्गहरु (सबै जातजातिका विपन्न बर्गहरु,जेष्ठ नागरिक ,दलित,आदिबासी/जनजाति, भिन्न क्षमता भएका ब्यक्तिहरु,मधेशि,मुस्लिम तथा पिछिडा बर्ग) तथा नेपाल सरकारले लक्षित समुह भनि तोकेका बर्ग एवं समुदाय सम्झनु पर्छ ।

३. **कार्यविधिको उद्देश्य :**

क) गाउँपालिकाको सबै फरफारका श्रोत र साधनलाई उद्देश्य मुलक,पारदर्शी , उत्तरदायी र जवाफदेहि पूर्वक खर्च गर्ने पद्धतिको निमार्ण गर्न सघाउ पुरयाउने ।

ख) स्थानिय स्तरमा रोजगारी र आय वृद्धिबाट जीवनस्तरमा सुधार तथा रहनसहनमा सकारात्मक परिवर्तन ल्याई गरिबी निवारणको लक्ष्य पुर्तिमा सहयोग पुरयाउने ।

ग) निश्चित प्रक्रिया बमोजिम गठित उपभोक्ता समितिलाई आफूले गर्ने र गरेका आयोजना प्रति जिम्मेवारी एवं उत्तरदायी बनाउने ।

घ) समिति श्रोत र साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त गरि सो को न्यायोचित विवरणमा सघाउ पुरयाउने र

ङ) स्थानिय स्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायीत्व सम्बन्धि व्यवस्थाको प्रवंधन गर्ने

४. **कार्यविधिको कार्यक्षेत्र :** गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत कार्यन्वयन तथा संचालन गरिने आयोजना हरुलाई व्यवस्थित बनाई नतिजा मुखि बनाउनु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

## योजना व्यवस्थापन तथा संचालन :

५.उपभोक्ता समिति सम्बन्धि व्यवस्था : उपभोक्ता समिति गठन गर्दा देहाय बमोजिम प्रावधानहरु पालना गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति मार्फत आयोजना कार्यन्वयन र संचालन गर्दा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवार पहिचान गरि त्यस्ता घरपरिवारको आमभेला वाट सम्वन्धित आयोजना स्थलमा नै ७ देखि ११ जना सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने छ । उपभोक्ता समितिका सदस्यहरुले नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

(ख) उपभोक्ता समिति का सदस्यहरुमा ३३ प्रतिशत महिला हुनुपर्ने छ साथै समितिको अध्यक्ष,सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्ने छ ।लाभान्वित समुहमा लक्षित वर्ग वा दलित ,आदिबासी/जनजाति ,पिछिडिएका समुदाय तथा वर्ग,मधेशी , मुश्लिम, आदिको उपस्थिति रहेको अवस्थाामा तिनिहरुको समेत प्रतिनिधित्व हुनुपर्नेछ ।

(ग) स्थानिय तहका निर्वाचित बहालवाला पदाधिकारी , स्थानिय तहको सर्वदलिय संयन्त्रमा भागलिने राजनीतक दलका प्रतिनिधिहरु , बहालवाला सरकारी कर्मचारी ,शिक्षक , निर्माण व्यवसायी,सरकारी पेश्की वा बेरुजु फर्च्यौट नगरेका व्यक्तिहरु उपभोक्ता समितिका सदस्य हुनपाउने छैनन । साथै एकै परिवारका एक जना व्यक्ति एक भन्दाबढि समितिको सदस्य हुन र एक घरपरिवारबाट एक जना भन्दा बढि सदस्य हुन पाउनेछैन ।

(घ) उपभोक्ता समिति गठन गर्दा गाउँपालिकाको वडा अध्यक्ष वा वडा सचिवको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति सर्वसहमत तरिकाले गर्नुपर्नेछ सर्वसहमत हुन नसकेको अवस्थामा चुनावी प्रक्रिया अवलम्वन गरि बहुमतिय प्रणालीबाट गठन गर्न सकिनेछ ।

(च) उपभोक्ता समितिद्धारा संचालन हुने आयोजनाको कार्यन्वयनमा नियमित सहजीकरण तथा अनुगमन गरि आयोजनालाई चुस्तदुरुस्त, पारदर्शी ,प्रभावकारी र अधिकतम लाभदायी बनाउन मद्धत गर्न वडा स्तरिय दफा (१२) र (१४) बमोजिमको गाउँपालिका/वडा स्तरीय सुपरिवेक्षण एवं अनुगमन समिति गठन गरिने छ । अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ ।

(छ) सामाजिक परिचालकका माध्यमबाट गठन भएका समुह , सामुदायिक संस्था ( जस्तै सामुदायिक वन व्यवस्थापन/उपभोक्ता समिति, सहकारी संस्थाहरु , आमा समुह,कृषि समुह,विद्यालय व्यवस्थापन समिति, सामुदायिक संगठन आदि) कार्यक्रम / आयोजना संचालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी त्यस्ता समुह मार्फत कार्यक्रम संचालन गर्न सक्निेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

(ज) उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजनाहरु श्रममुलक प्रविधिमा आधारित रहि स्थानिय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथामिकता दिनु पर्नेछ । साथै लोडर,बुलडोजर,एक्साभेट,रोलर,ग्रेडर,बिटुमिन डिष्ट्रिव्वयुटर,विटुमिन व्याइलर जस्ता ठुला मेशिनरी औजारको प्रयोग गर्न पाईनेछैन ।

(झ) श्रममुलक तवरबाट कामहुन नसकि मेशनरी उपकरणको प्रयोग गर्नुपर्ने भएमा गरिने कामको नर्म्स तथा लागत अनुमान स्वीकृत गरि स-साना मेशनरी उपकरणको प्रयोग गर्न सकिनेछ । तर श्रममुलक कार्य गराउने गरि लागत अनुमान तयार गरि मेशनरी उपकरणको प्रयोगद्धारा कार्य गराइएको पाइएमा तत्कालै आवश्यक कारबाही गरी भुक्तानी रकम अशुल उपर गर्ने र सोको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(ञ) उपभोक्ता समितिले संचालन गर्ने गरि सम्झौता भएको कार्यक्रम/आयोजना उपभोक्ता समिति स्वयमले कार्यन्वयन नगरी निमार्ण व्यवसायी वा सव-कन्ट्रयाकबाट कार्यन्वयन गर्नगराउन पाइनेछैन। त्यसरी दिएको पाइएमा समितिसगँ सम्झौता रद्ध गरी बैकल्पिक माध्यमबाट कार्यान्वयन गराउन सकिनेछ ।

(ट) उपभोक्ता समितिको गठन र त्यसको बैठकको निर्णयहरुको अभिलेख अध्यक्षबाट प्रमाणित गराई उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

(ठ) गाउँपालिकाले कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय संघ-संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सक्नेछ ।

(ड) प्रचलित ऐन,नियम,प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता / अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने व्यक्ति/ संस्थालाई समेत आवश्यक कारवाही गर्न सक्नेछ ।

(ढ) उपभोक्ता समितिले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा वा खण्ड (ञ) बमोजिम निमार्ण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट कार्यान्वयन गरेको पाइएमा गाउँपालिकाले छानविन गरी उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहिले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

(ण) उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरुको कार्यसम्पन्न भए पश्चात गाउँपालिकाले सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नेछ ।

६. **योजना समझौता सम्बन्धि व्यवस्था :** गाउँपालिका र उपभोक्ता समिति / समुदायमा आधारित संस्था / गैर सरकारी संस्था बिच योजना कार्यान्वयन तथा संचालन गर्दा अनुसुचि १ मा तोकिएको ढाँचामा सम्झोता गर्नुपर्नेछ ।

७. **योजना तथा कार्याक्रम सम्झौता सेवाशुल्क :** गाउँपालिका वा सम्बन्धित वडामा उपभोक्ता समितिद्धारा कार्यान्वयन तथा संचालनत हुने आयोजनाहरुको गाउँपालिका / वडाले गाउँसभा बाट



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

स्वीकृत गरे बमोजिमको योजना तथा कार्याक्रम सम्फौता सेवा शुल्क लिइ उपभोक्ता समिति सग योजना तथा कार्याक्रम सम्फोता गर्नुपर्नेछ ।

**८. उपभोक्ता समितिको खाता सम्बन्धि व्यवस्था** :(१) उपभोक्ता समिति , गैर सरकारी संस्था वा सामुदायीक संस्थाले रु १,००,०००।- ( एक लाख ) भन्दा माथिको आर्थिक कारोवार गर्दा वा भुक्तानी दिदाँ अनिबार्यरुपमा बैंक/ बित्तिय संस्था मार्फत गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षले संयुक्त दस्तखतवाट संचालन हुनेछ । खाता संचालकहरुको तिन पुस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ ।

**९. सूचनापाटी सम्बन्धि व्यवस्था :** रु ५ लाख वा सो भन्दा बढि लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरुको सूचना पाटी अनुसुचि २ बमोजिमको ढाँचामा निर्माण गरी वा वनाइ सर्व साधरणले देख्नेगरि योजना स्थलमा राख्नुपर्नेछ ।

**१०. सार्वजनिक परिक्षण :** (१) आयोजना सम्पन्न भइसकेपछि त्यस्ता आयोजनाको अनुसूचि ३ बमोजिम सार्वजनिक परिक्षण गराउनु पर्नेछ । सार्वजनिक परिक्षण नभए सम्म अन्तिम किस्ता भुक्तानी दिईनेछैन ।

(२) दफा १० (१) सगं सम्बन्धित सार्वजनिक परिक्षणका लागि उपभोक्ता समिति/सामुदायिक संस्थाले अनुसूचि ४ बमोजमि ढाँचामा विवरण तयार गर्नुपर्नेछ ।

**११. आयोजनाको जाँचपास , फरफारक सम्बन्धि व्यवस्था** : (१) आयोजना संचालन गर्ने निकाय संस्था वा व्यक्तिले आफुले संचालन गरेका आयोजना सम्पन्न भएपछि जाँच पास वा फरफारक गर्न गाउँपालिकामा प्रतिवेदन दिनुपर्नेछ ।

(२) खण्ड (१) बमोजिम प्राप्त प्रतिवेदन पश्चात गाउँपालिकाले भौत्तिकपुर्वाधार आयोजनाको हकमा (सडक,भवन,सिचाँइ,खानेपानी,कुलो नहर आदि जस्ता निमार्ण प्रकृतिका आयोजना) प्रतिवेदन प्राप्त भएको १५ दिन भित्र त्यस्तो आयोजनाको जाँच पास वा फरफारक गर्नूगराउनु पर्नेछ ।

(३) खण्ड (२) मा उल्लेख भएका बाहेक जनचेतना अभिवृद्धि गर्ने प्रकृतिका तालिम , गोष्ठि ,सेमिनार,अध्ययन भ्रमण,प्रचारप्रसार आदि जस्ता कार्यक्रम संचालन गर्ने निकाय , संस्था वा व्यक्तिले आफुले संचालन गरेका कार्यक्रमको उद्देश्य,भौतिक र बित्तिय प्रगति लागायतका कुरा खुल्ने प्रतिवेदन प्राप्त भएकोमा गाउँपालिकाले सम्फौता बमोजिम त्यस्ता कार्यक्रम सम्पन्न भयो वा नभएको हेरि फरफारक गर्नुपर्नेछ । त्यस्तो फरफारक गाउँपालिकामा प्रतिवेदन प्राप्त भएको मितिले १५ दिन भित्र गरि सक्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

## भाग - ३

### अनुगमन , प्रतिवेदन र जिम्मेवारी

१२. **वडा स्तरिय सुपरिवेक्षण तथा अनुगमन समिति** : (१) गाउँपालिका क्षेत्रभित्र संचालन तथा कार्यान्वयन गरिने आयोजना एवं कार्यक्रमको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्न देहाय बमोजिमको एक सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ । तपसिल :

क) सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक
ख) गाउँपालिकाले तोकेको सम्बन्धित वडाको वडा सदस्य — सदस्य
ग) अ.स.ई./ सब-ईञ्जिनियर / ईञ्जिनियर — सदस्य
घ) सम्बन्ति वडाका सामाजिक व्यक्तित्व / वडा महिला सदस्य — सदस्य
ङ)वडा सचिव — सदस्य सचिव

१३. **गाउँपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति** : (१) गाउँपालिका स्तरका उपभोक्ता समिति/ सामुदायीक संस्था तथा गैर सरकारी संघ संस्था वा टेन्डरबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न देहाय बमोजिमको एक गाउँपालिका स्तरिय सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरिनेछ । तपसिल

क) गाउँपालिकाको उपाध्यक्ष — संयोजक
ख) प्रमुख प्रशासकिय अधिकृत — सदस्य
ग) सब- ईञ्जिनियर/ईञ्जिनियर — सदस्य
घ) योजना शाखा हेर्ने कर्मचारी — सदस्य सचिव

१४. **गाउँपालिका/वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन** : गाउँपालिका वा वडा स्तरमा उपभोक्ता समिति वा अन्य निकाय बाट कार्यान्वयन तथा संचालन हुने योजनाको दफा (१२) र (१३) बमोजिमको समितिले अनुसुचि ५ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

१५. **आयोजनाको भौतिक तथा बित्तिय प्रगति प्रतिवेदन** : आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा बित्तिय प्रगति प्रतिवेदन अनुसुचि ६ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

१६. **वडा अध्यक्षको जिम्मेवारी** : गाउँपालिकाका वडाहरुमा कार्यान्वयन तथा संचालन हुने वा भएका आयोजना , कार्यक्रमहरुको सुरुवात देखि नै सम्बन्धित वडाका वडा अध्यक्षले नियमितरुमा अनुगमन , सुपरिवेक्षण गर्ने र त्यस्ता आयोजना कार्यक्रमको सार्वजनिक परिक्षण गरेपश्चात सिलशिलेवार प्रक्रिया पुरा भए वा नभएको हेरि गाउँपालिकामा आयोजना सम्पन्नको सिफारिस गर्नुपर्नेछ ।

१७. **अभिलेखिकरण** : गाउँपालिकाले आफनो क्षेत्र भित्र आयोजना संचालन तथा कार्यान्वयनमा संलग्न उपभोक्ता समिति,सामुदायीक संस्था एवं गैर सरकारी संघ संस्थाको अभिलेखिकरण गरि लगत व्यवस्थित गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## भाग-४

## विविध

**१८ अभिमुखीकरण सम्बन्धि व्यवस्था** :गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय एवं विषयगत शाखा था कार्यालयका कर्मचारी,सरोकारवाला अन्य सघं संस्थाका प्रतिनिधिहरुलायई यस कार्यविधिका मुख्य मुख्य प्रावधानका बारेमा अभिमुखीकरण गर्नेछ ।

**१९. थपघट र हेरफेर** :यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा व्यस्तो बाधा अडचन फुकाउने प्रयोजनका लागी गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या,थपघट,संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**२०. खारेजी र बचाउ** :यस कार्यविधिका प्रावधानहरुलाई कार्यन्वयन गर्दा यस कार्यविधि लागु हुनु भन्दा अघि गाउँसभाबाट स्वीकृत भएका कार्यक्रम र वजेटलाई सोही अनुसार कार्यान्वयन तथा संचालन गर्न यस कार्यविधिले बाधा पुरयाएको मानिने छैन । तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उललेख भए वमोजिम गर्नु गराउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

अनुसूचि -१

सुकिदह गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जिनावाङ रोल्पा

सुकिदह गाउँपालिका र उपभोक्ता समिति/ समुदायमा आधारित संस्था/गैरसरकारी संस्थाबीच गरिने योजना

सम्झौता फारमाम

१.सम्झौता गर्ने पक्ष र आयोजना :

क)उपभोक्ता समिति/समूदायमा आधारीत संस्था/गैरसरकारी संस्थाको विवरण :

सम्झौत गर्ने संस्थाको प्रतिनिधिको :

१.नाम,थर :

२.पद :

३.ठेगाना :

ख)आयोनाो विवरण :

१ नाम :

२ ठेगाना :

३ उदेश्य :

४ आयोजना स्वीकृत गर्ने निकाय :

५.आयोजना शुरु हुने मिति :

६ आयोजनाद सम्पन्न हुने मिति :

२.आयोजना लागत सम्बन्धि विवरण :

क)आयोजनाको अनुमान लागत :रु

ख)लागत व्यहोर्ने स्रोतहरु

१ नेपाल सरकार : रु

२ सम्बन्धित गाउँपालिकावाट :रु

३ अन्य स्थानिय तहबाट :रु

४ गैरसरकारी सघंसंस्थाबाट :रु

५ समुदायमा आधारित संस्थाबबाट :रु

६.विदेशी दातृ सघंसंस्थाबाट :रु

७. उपभोक्ता समितिबाट :रु

८. अन्यबाट :रु .................जम्मा रु

(ग) निर्माण सामाग्रीको विवरण :

| क.स | परिमाण | सामाग्रीको नाम | एकाई |
|---|---|---|---|
| १ | बिषयगत शाखाबाट | | |
| २ | सम्बन्धित गाउँनलिकाबाट | | |
| ३ | अन्य स्थानीय तह बाट | | |
| ४ | गैरसरकारी सघंसंस्थावाट | | |
| ५ | समुदायमा आधारित संस्थाबाट | | |
| ६ | विदेशी दातृ संघसंस्थाबाट. | | |



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

| ७ | उपभोक्ता समितिबाट | | |
|---|---|---|---|
| | अन्यबाट | | |

घ) आयोजनाबाट लाभान्वित हुने :

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. समुदाय :

४. अन्य समुदायमा आधारित गैरसरकारी संस्था :

३. उपभोक्ता समिति/ गैरसरकारी संस्था :

(क) गठन भएको मिति :

(ख) पदाधिकारीहरुको नाम,थर र ठेगाना :

१. अध्यक्ष :

२. उपाध्यक्ष :

३. कोषध्यक्ष :

४. सदस्य :

५. सदस्य :

६. सदस्य :

७. सदस्य :

८. सदस्य :

९. सदस्य :

१०. सदस्य :

११. सदस्य :

(ग) गठन गर्दा उपस्थिति लाभान्वितको संख्या :

घ) गठन गर्दा अनुपस्थित लाभान्वितको संख्या :

**४.आयोजना गठन सम्वन्धि अनुभव :**

**५.उपभोक्ता समिति / समुदायमा आधारित संस्था / गैरसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरण :**

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निमार्ण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| पहिलो | | | | | |
| दोस्रो | | | | | |
| तेस्रो | | | | | |
| जम्मा | | | | | |

**६. आयोजनाको मर्मत सम्भार व्यहोर्ने व्यवस्था (मासिक,चौमासिक,वार्षिक स्रोत)**

(क) मर्मत सम्भारको जिम्मा लिने समिति/ संस्थाको नाम :

(ख) जनश्रमदान (श्रमशक्ति संख्या)

(ग) सेवा शुल्क बाट : रु

(घ ) दस्तुर,चन्दाबाट : रु

(ङ) लागत सहभागिता वा अनुदान बाट : रु

(च) व्याज वा अन्य वचत बाट : रु

**७. अन्य ( प्राविधिक र व्यवस्थापन सम्वन्धि ) विवरण :**

(कं) (ख) (ग)



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

सम्झौताका शर्तहरु :

१. प्राप्त रकम तथा निमार्ण सामाग्री सम्बन्धि आयोजनाको उदेश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं।

२. आयोजना सम्पन्न भएपछि सम्बन्धित गाउँपालिका बाट जाँचपास गरि फरफारक लिनेछौं ।

३.आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समूहलाई गराई / छलपल गरि अर्को किस्ता माग गर्छौ ।

४. नगदी ,जिन्सी सामानको प्राप्ती , खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौं ।

५ आयोजनाको मूल लागत भन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन / दिन सहमत छौं ।

६. आयोजना संचालन गर्ने निकायले आयोजनाको मर्मत सम्भारको पनि व्यवस्था गर्नेछौं ।

७. आयोजना मिति ........................ देखि सुरु गरी मिति............................ सम्म पुरा गर्ने गराउनेछौं ।

८. अन्य शर्तहरु

(क)

(ख)

(ग)

(घ)

९. उपयुक्त बमोजिम गर्न हामी मन्जुर छौं

आयोजना संचालन गर्नेको तर्फबाट

सचिवको नाम,थर :

सही:

मिति:

अध्यक्षको नाम,थर :

सही:

मिति:

योजना शाखा प्रमुख:

सही:

प्रमुख प्रशासकीय अधिकृत:

सही:

इति सम्वत २०७ .... साल ................................गते रोज .......शुभम् ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

## अनुसुचि - २

## कार्यविधिको दफा ९ सँग सम्बन्धित

### सूचना पाटीको नमूना

| सुकिदह गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय,<br>जिनाबाङ, रोल्पा । | |
|---|---|
| आयोजनााको नाम:<br>वडा नं. :<br>गायँपालिका :<br>उ.स. को नाम :<br>उ.स. अध्यक्षको नाम :<br>जम्मा सदस्य संख्या :<br>महिला सदस्य संख्या :<br>आयोजना सुरुहुने मिति : | बजेट/श्रोत<br>१. गाउँपालिका :<br>२. अन्य :<br>क) जनश्रमदान<br>ख) जिन्सी सहयोग<br>ग) प्राविधिक सहयोग<br>घ) निजि क्षेत्र सहयोग<br>ङ) अन्य निकाय ( नाम उल्लेख गर्ने ) सहयोग<br>४. कुल लागत : |
| आयोजना सम्पन्न हुने मिति : | आयोजना सम्पन्न हुने मिति : |

(पुनश्च : उपरोक्त नमूना अनुसारको विवरण आयोजना स्थलमा सबैले स्पष्ट देख्ने गरी राख्नु पर्ने छ । )



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

अनुसूचि - ३

कार्यविधिको दफा १० संग सम्बन्धित

सार्वजनिक परिक्षणको फारम

मिति : २०७४/ /

श्री सुकिदह गाउँ कार्यपालिकाको कार्यालय,

जिनाबाङ, रोल्पा ।

खर्च सार्वजनिक सुचना फारम ।

१. आयोजनाको नाम :

२. आयोजनाको स्थल :

३. विनियोजित बजेट :

४. आयोजना स्वीकृत भएको आ.व. :

५. आयोजना सम्झौता भएको मिति :

६ काम सम्पन्न गर्नुपर्ने मिति :

७. काम सम्पन्न भएको मिति :

८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति :

खर्च विवरण

(अ) अनुदानतर्फ

(क) निर्माण सामाग्री (आयात गर्नुपर्ने समान) :

१.
२.
३.
४.

ख) कामदार विवरण

१. सिपालु दिंन संख्या

२. ज्यामी दिन संख्या

ग) ढुवाणी विवरण :

१. ट्रक / ट्रेक्टर भाडा :

२.मानिसद्वारा ढुवानी :

घ) मेसिन तथा औजार :

१.
२.

(आ) श्रमदानतर्फ

(क) निर्माण सामाग्री (स्थानिय सामाग्री ) :

१.
२.
३.
४.

ख) कामदार विवरण

ख) कामदार विवरण

ख) कामदार विवरण

ग) ढुवाणी विवरण :

१. ट्रक / ट्रेक्टर भाडा :

२.मानिसद्वारा ढुवानी :

घ) मेसिन तथा औजार :

१.
२.

खर्च सार्वजनिक समयको उपस्थिति :

१. उपभोक्ता समिति / समुहका पदाधिकारीहरु

क)

ख)

२. स्थानिय सामाजिक संघ संस्थातर्फ

क

ख



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

ग)

ग)

घ)

घ)

उपर्युक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरि जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ। साथै उपभोक्ता तथा सम्बन्धित गाउँपालिका / वडाका पदाधिकारी एवं स्थानिय समाजिक संघ संस्थाको रोहवरमा सम्पन्न आयोजनाको निमार्ण कार्य सम्पन्न भएको र सो आयोजना बारे सार्वजनिक जनताले सबै सरोकारवाला हरुलाई यस सुचना सार्वजनिक स्थलको सुचना पाटीमा टाँस गएिको छ।

(द्रष्टव्य: सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थिति सरोकारवालाको उपस्थिति अनिवार्यरुपमा संलग्न हुनुपर्ने छ।

.................... ........................ रोहवर

नाम नाम

..............................

उपभोक्ता समितिको सचिव उपभोक्ता समितिको अध्यक्ष स्थानिय तहको कर्मचारी / सामाजिक परिचालक

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि ४

**कार्यविधिको दफा १० (१) संग सम्बन्धित सार्वजनिक परिक्षणका लागि उपभोक्ता समिति सामुदायिक संस्थाले तयार गर्ने विवरणको ढाँचा**

१ आयोजनाको

क. नाम:

ख. स्थल:

ग. लागत अनुमान:

घ. आयोजना सुरुहुने मिति:

ङ आयोजना सम्पन्न हुने मिति :

२. उपभोक्ता समिति / सामुदायिक संस्थाको

क. नाम :

ख. अध्यक्षको नाम :

ग. सदस्य संख्या : महिला: पुरुष :

३. आम्दानी खर्चको विवरण :

क. आम्दानी तर्फ :

| आम्दानीको श्रोत (कहाँ बाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |

ख. खर्च तर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| खर्चको विवरण | | | |
| १. सामाग्री(के के सामाग्री खरिद भयो ?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (के मा कति ज्याला भुक्तानी भयो ?) | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे) | | | |
| | | | |



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| | | | |
| ४. व्यवस्थापन खर्च ( ढुवानी तथा अन्य खर्च) | | | |

### ग. मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगर | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामाग्रीहरु | | |
| | | |

### घ. भुक्तनी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

### ४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |

५. आयोजनाले पुरयाएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (आयोजना संचालन भएको स्थलका उपभोक्ताहरु

६. आयोजना संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड ( कस - कसले कस्तो - कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)

.................. .................... ...............................

कोषाध्यक्ष सचिव अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

## अनुसूचि - ५

(कार्यविधिको दफा १४ संग सम्बन्धित)
अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन

सुकिदह गाउँ कार्यपालिकाको कार्यालय , जिनाबाङ , रोल्पा

क्र.स. आयोजनाको

१.नाम र स्थान :

२ लागत अनुमानः

३.निर्माण प्रक्रियाः

क)उपभोक्ता समिति :
ख)सामुदायिक संस्था :
ग)गैरसरकारी संस्था :
घ)विषयगत कार्यालय :
ङ)सार्वजनिक निजी साझेदारी
च)ठेक्कादार :

४.आयोजना : क) सम्झौता मिति : ख) सम्पन्न हुने मिति :

ग) आयोजनामा संलग्न साझेदारहरुले लागत सहभागिता जनाएको वा नजनाएको जनाएको भए प्रतिशतमा राख्ने )

**५. आयोजना अनुगमन**

आयोजना अनुगमन गर्दा निम्न पक्ष हरुलाई ध्यान दिई अनुगमन प्रतिवेदनमा समावेश गर्नुपर्ने छ ।

क. आर्थिक पक्ष (योजनामा प्राप्त बजेट तोकिएको उदेश्यमा लगानी भए नभएको )

ख. भौतिक पक्ष कार्यतालिका वमोजिमको समयमा कार्य भए नभएको

सुपरिवेक्षण ,सहजिकरण भए नभएको :
तोकिएको लक्षित समुहमा कार्यक्रम पुगेको नपुगेको वा तिनिहरुको सहभागिता भए नभएको
सार्वजनिक परिक्षण , पारदर्शिता सम्बन्धि काम भए नभएको
आयोजना कार्यक्रम प्रति आम उपभोक्ताहरुको धारणा
अन्य कुनै विशेस खुलाउनु पर्ने विषयहरुः

ग. बजेट बाट प्राप्त उपलब्धि बारे लेख्ने :

६. अनुगमन गर्नेः

क. पदाधिकारी हरुको नामः
ख. पदः
ग. मितिः

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

## अनुसूचि - ६

**(कार्यविधिको दफा १५ संग सम्बन्धित)**

**उपभोक्ता समितिले गाउँपालिकामा पेश गर्नुपर्ने प्रगति विवरण**

मितिः

श्री सुकिदह गाउँपालिकाको कार्यालय ,
.................वडा कार्यालय ।

विषय : प्रगति प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

त्यस सुकिदह गाउँपालिका ,.......वडा कार्यालय र हाम्रो विच मिति ........................मा भएको सम्फौताको शर्त बमोजिम हामिले गरेको देहायको आयोजनाको कार्य प्रगति प्रतिवेदन साथ आवश्यक विल, भरपाई, उपभोक्ता समुह सामितिको निर्णय समेत संलग्न राखी यसै साथ पेश गरेका छौं । ................... किस्ता भुक्तानि/जाँच पास फरक फरक गरि पाउन अनुरोध गर्दछु ।

**तपसिल**

**१. आयोजनाको विवरण :**

आयोजनाको नामः

वडा नं. टोल .............. बस्ती....... उपभोक्ता समुहको अध्यक्ष

**२. आयोजनाको लागत**

प्राप्त अनुदान रकम रु ............. चन्दा रकम रु ............

जन सहभागिता रकम रु .............. जम्मा रकम रु.

**३. हाल सम्मको खर्च रु**

क. स्थानिय तहबाट प्राप्त रकम

१. निमार्ण समाग्रीमा ( सिमेन्ट , छड , काठ , ढुङ्गा वा फुवा गिट्टी , उपकरण आदी) रु.

२. ज्याला :- दक्ष रु. :- अदक्ष रु.:- जम्मा रु.:-

३. मसलन्द सामान ( कपि,कलम,मसि,कागज आदी) रु.

४.दैनिक भ्रमण भत्ता (समभौतामा स्वीकृत भए) रु.

५. प्राविधिक निरिक्षण वापत खर्च (समभौतामा स्वीकृत भए) रु.

६. अन्य

ख. जनसहभागिता बाट व्यहोरिएको खर्च रु.

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

श्रमको मुल्य बरावरको रकम रु.

जिन्सी सामान बराबरको रकम रु.

कुल जम्मा रु .

४. प्राविधिक प्रतिवेदन बमोजिम मुल्याङ्कन रकम रु.

५. उपभोक्ता समुहको निर्णय बमोजिम/ समिक्षा बाट खर्च भएको रु.

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु .

क.

ख.

ग.

७. समाधानका उपायाहहरु .

क.

ख.

ग.

८. गाउँपालिका एवं अन्य निकायबाट अनुगमनको सुझाव

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| ............... | .... ......... | ......... | .................. |
|---|---|---|---|
| प्रमाणित गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची :७

कार्यविधिको दफा १७ संग सम्बन्धित

उपभोक्ता समिति ,समुदायिक संस्था वा गैरसरकारी संस्थाको लागत

सुकिदह गाउँ कार्यपालिकाको कार्यालय जिनाबाङ , रोल्पा

उपभोक्ता समिति , समुदायिक संस्था, गैससको नाम:

| |
|---|
| गठन भएको मिति : |
| बैंक खाता नं. : |
| बैंकको नाम : |
| पदाधिकारीको नाम ,थर : |
| अध्यक्ष : |
| उपाध्यक्ष : |
| सचिव : |
| कोषाध्यक्ष : |
| सदस्यहरु : |
| सम्पर्क नं. : |

(द्रष्टव्य : यस खातामा उपभोक्ता समिति , सामुदायिक संस्था,गैसस,निजि क्षेत्र, ठेकेदारका लागि पाना छुट्टाई अलग अलग विवरण राख्ने व्यवस्था मिलाउने ।)

२०८१.५.१०

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner